कोशी प्रदेश सरकार

उद्योग, कृषि तथा सहकारी मन्त्रालय

# कृषि विकास निर्देशनालय

विराटनगर

निर्देशक

(अधिकृतस्तर एघारौं तह)

ठेक्का नं. २/२०८२-०८३

## सुरक्षा गार्ड आपूर्ति सम्बन्धी सिलबन्दी दरभाउपत्र आह्वानको सूचना

प्रथम पटक प्रकाशित मिति : २०८२।१०।२५

यस निर्देशनालयद्वारा सुरक्षा गार्ड आपूर्ति सम्बन्धी कार्य सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८४ बमोजिम सिलबन्दी दरभाउपत्रद्वारा गराउनु पर्ने भएकोले नेपाल सरकारबाट इजाजत प्राप्त तथा सम्बन्धित प्रशासन र प्रहरी कार्यालयबाट सुरक्षा गार्ड सम्बन्धी कार्य गर्न प्रदान गरिएको इजाजतपत्र, कर चुक्ता प्रमाणपत्र समेत संलग्न गरी इच्छुक व्यवसायीहरुबाट तपसिलका शर्त र नियमहरुको अधीनमा रही सिलबन्दी दरभाउपत्र प्रस्ताव पेश गर्न आह्वान गरिन्छ।

तपसिल

१) दरभाउपत्र प्रथम पटक प्रकशित भएको मितिले १५ दिनभित्र चालु आ.व.को लागि नवीकरण भएको इजाजतपत्र, आयकर एवं मू.अ.कर दर्ता प्रमाणपत्र, आ.व. २०८१।०८२ को करचुक्ता प्रमाणपत्रको प्रतिलिपि र खरिद कारवाहीमा भाग लिन अयोग्य नभएको भनी लिखित रूपमा स्वघोषणापत्र साथमा दरभाउपत्र खरिद दस्तुर वापत रू. १०००।– एक हजार (फिर्ता नहुने) नगद बुझाई दरभाउपत्र यस निर्देशनालयबाट खरिद गर्न सकिनेछ।

२) खरिद भएको दरभाउपत्रमा सबै विवरणहरू भरी व्यवसायीले सहीछाप गरी सिलबन्दी खाम बाहिर फर्मको नाम, ठेगाना र कामको विवरण "सुरक्षा गार्ड आपूर्ति सम्बन्धी सिलबन्दी दरभाउपत्र" उल्लेख गरी दरभाउपत्रमा उल्लेख भएका योग्यताका प्रमाणहरूको प्रमाणित फोटोकपी, श्रम इजाजत नवीकरणको प्रमाणपत्र संलग्न गरी १६ औं दिनको १२:०० बजेभित्र यस निर्देशनालयमा दर्ता गराई पेश गर्नु पर्नेछ। दर्ता भएका दरभाउपत्रहरू सोही दिनको २:०० बजे यसै निर्देशनालयमा खोलिनेछ दरभाउपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि दरभाउपत्र खोल्न बाधा पर्ने छैन।

३) एक पटक पेश भएको सिलबन्दी दरभाउपत्र फिर्ता वा संशोधन गर्न सकिने छैन।

४) दरभाउपत्र साथ जमानत बापतको रकम रू. २७,०००। (सत्ताइस हजार) प्रदेश लेखा नियन्त्रक कार्यालय, विराटनगरको राष्ट्रिय वाणिज्य बैंक, विराटनगर स्थित धरौटी खाता नं. २१२०१००२०२०३००००, कार्यालय कोड नं. ३१२०११३०११ मा जम्मा गरेको सक्कल भौचर वा मान्यता प्राप्त 'क' वर्गका वाणिज्य बैंकहरूबाट सोही रकम बराबरको यस कार्यालयको नाममा जारी गरिएको दरभाउपत्र दर्ता गर्ने अन्तिम दिनबाट कम्तीमा ७५ दिनको मान्य अवधि भएको बैंक ग्यारेन्टी पत्र (बिडबन्ड) दरभाउपत्र साथ पेश गर्नुपर्नेछ।

५) दरभाउपत्र शर्तरहित, केरमेट नभएको हुनुपर्नेछ। म्याद नाघी सहीछाप नभई आएको दरभाउपत्र उपर कुनै कारवाही हुने छैन।

६) दरभाउपत्रमा मू.अ.कर बाहेकको एकाइ दररेट उल्लेख गर्नुपर्नेछ। एकाइ दररेट अंक र अक्षर दुबैमा उल्लेख गर्नुपर्नेछ। अंक र अक्षरमा फरक भएमा अक्षरलाई मान्यता दिईनेछ। साथै दरभाउपत्र खरिद गर्ने अन्तिम दिन र खोल्ने दिन सार्वजन्कि बिदा परेमा बिदाको लगत्तै कार्यालय खुलेको सोही समयमा हुनेछ।

७) जुन फर्मको नामबाट दरभाउपत्र खरिद भएको हो सोही फर्मको नामबाट दरभाउपत्र दाखिला गर्नु पर्ने छ। यस विपरीत भएमा दरभाउपत्र स्वतः रद्द हुनेछ। दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ।

निर्देशक
(अधिकृतस्तर एघारौं तह)

८) दर्ता भई यस कार्यालयमा पेश भएको शिलबन्दी दरभाउपत्रको मान्य अवधि ४५ दिनको हुनेछ।

९) दरभाउपत्र स्वीकृत भएपछि सम्झौता अंकको ५ प्रतिशतले हुन आउने रकम बराबरको नगद भौचर वा सो बराबरको कम्तीमा १३ महिना म्याद भएको परफरमेन्स बन्ड पेश गर्नुपर्नेछ।

१०) यस सूचना बमोजिम छनौट भई गरिने सम्झौताको म्याद एक वर्षको हुनेछ। तर सम्झौताको आगामी आर्थिक वर्षमा पर्ने अवधि अर्थात् २०८३ साल श्रावण महिना देखि बाँकी सम्झौता अवधिको लागि बजेट रकमको सुनिश्चितता भएको अवस्थामा मात्र सम्झौता बमोजिम सेवा खरिदलाई निरन्तरता दिइनेछ।

न्यूनतम योग्यता

१) सुरक्षा गार्ड आपूर्तिकर्ताले कम्तीमा तीन वर्षदेखि निरन्तर कुनै सरकारी निकायमा सुरक्षा गार्ड आपूर्ति गरिरहेको हुनु पर्नेछ।

२) खटाइने सुरक्षा गार्डहरु नेपाली सेना वा नेपाल प्रहरी वा सशस्त्र प्रहरीबाट कुनै बात कसुर नलागी अवकाश/निवृत्त भएको अथवा कुनै सरकारी वा गैरसरकारी निकायमा कम्तीमा तीन वर्ष सुरक्षा गार्डको रुपमा कुशलतापूर्वक काम गरेको, उमेर २५ वर्ष पूरा भई ५० वर्ष ननाघेको शारीरिक र मानसिक रुपमा ठिक तन्दुरुस्त भएको हुनु पर्नेछ।

३) सुरक्षा गार्डको मौसम अनुसारको पोशाक र सुरक्षा साधनहरु आपूर्तिकर्ताले नै उपलब्ध गराउनु पर्नेछ।

४) कार्य विवरण तथा जमानत

| कार्य विवरण | दरभाउपत्र जमानत धरौटी वा बिडबन्ड |
|---|---|
| सुरक्षा गार्ड आपूर्ति सम्बन्धी कार्य<br>दैनिक ३ जना, आलोपालो गरी निरन्तर चौबीसै घण्टा | रु. २७,०००।-<br>(सत्ताइस हजार) |